रामधुनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भुम्का, सुनसरी

प.स. ०७८।०७९

च.न. १५२२ मिति २०७९।०१।०९

बिषय : आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्न हुन ।

१. Sagrmatha Community Devlopment Center, Biratnager

२. Samudayik Bikas Samaj, Biratnager

३. Watawaran Tatha Jibjantu Samrakshan Samaj, Koshi, Sunsari

यस रामधुनी नगरपालिकाको क्षमता विकास योजना **(Capacity Development Plan)** निर्माण गर्ने संलग्न कार्यक्षेत्रगत शर्त (TOR) वमोजिम गर्नु पर्ने भएकोले प्राविधिक प्रस्ताव र आर्थिक प्रस्ताव छुट्टा छुट्टै खाममा राखि शिलबन्दि गरि मिति २०७९/०१/१५ गते भित्रमा पेश गर्न हुन व्यहोरा अनुरोध छ ।

प्रमुख प्रशासकिय अधिकृत
रामधुनी नगरपालिका

स्थानीय तहको क्षमता विकास योजना (Capacity Development Plan) निर्माण गर्न तयार गरिएको परामर्शदाताको लागि

कार्यक्षेत्रगत नमूना शर्त

रामधुनी नगरपालिकाको कार्यालय

२०७८/०७९

स्थानीय तहको क्षमता विकास योजना (Capacity Development Plan) निर्माण का लागि कार्य शर्त तथा कार्य विवरण (TOR)

विवरण	रामधुनी नगरपालिकाको क्षमता विकास योजना (CD Plan) तयारी गर्नका लागि कार्यक्षेत्रगत शर्त (TOR)
परामर्शदाता	प्रदेश प्रशिक्षण केन्द्रको परामर्श सेवा प्रदायकको मौजुदा सूचीमा सूचीकृत भएका फर्म तथा कम्पनीहरु
कार्य अवधी	६० दिन (मिति २०७९ बैशाख १५ देखि २०७९ असार १५ गते सम्म)
प्रकृतिः	अन्तरक्रिया, क्षमता विकास योजनाका आवश्यकता पहिचान र क्षमता विकास योजना निर्माण
सेवा प्रदान गर्ने स्थान	रामधुनी नगरपालिका
प्रस्तावना पेश गर्ने तरिकाः	प्रस्तावना आब्हानमा तोकिएको ढाँचामा आर्थिक र प्राविधिक प्रस्तावना तयार गरी सार्वजनिक खरिद ऐन २०६३, नियम २०६४ बमोजिम तोकिएको समय भित्र रामधुनी नगरपालिकामा मा पेश गर्ने
भाषाः	नेपाली हुनुपर्ने
प्रस्तावना मान्य रहनेः	कार्यक्रमले तोके बमोजिम
प्रतिवेदन	सम्झौतामा उल्लेख भएको मिति सम्म
अन्तिम प्रतिवेदन	क्षमता विकास योजनाको मस्यौदा मस्यौदा प्रतिवेदन **प्रदेशमा गठन गुणस्तर सुनिस्चित समिति** तथा **सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको सहजीकरण तथा समन्वय समितिले** उपलब्ध गराएको पृष्टपोषणलाई समावेश गरी अन्तिम प्रतिवेदन तयार गरीरामधुनी नगरपालिका र प्रदेश प्रशिक्षण केन्द्रमा वुझाउनु पर्नेछ । **अन्तिम प्रतिवेदन पेश गर्दा टोली प्रमुख स्वंय उपस्थित भई पेश गर्नु पर्नेछ।**
विषय बस्तुको स्पष्टताको लागि सम्पर्क	सम्बन्धित पालिका र प्रदेश प्रशिक्षण केन्द्रमा, सम्पर्क गर्न सकिने छ ।

सुबोध निरौला
अधिकृत छैठौं (प्रशासन)

प्रमुख प्रशासकिय अधिकृत
रामधुनी नगरपालिका

१. पृष्ठभूमीः

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आ.व. २०७६/७७ देखि विभिन्न विकास साझेदारहरुको सहयोगमा प्रादेशिक तथा स्थानीय शासन सहयोग कार्यक्रम संचालनमा ल्याएको छ । देशका सातै प्रदेश तथा ७५३ स्थानीय तहमा कार्यान्वयन गरिने यो कार्यक्रम प्रदेश सरकार मार्फत संचालित छ । कार्यक्रम अन्तर्गत रहेका विभिन्न सहयोग क्षेत्रहरुको प्रमुख सम्भागको रुपमा प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि, कर्मचारीहरु र प्रदेश तथा स्थानीय तह अन्तर्गतका सार्वजनिक संस्थाका पदाधिकारीहरुको विभिन्न क्षेत्रहरु जस्तैः कान"न/नीति निर्माण प्रक्रिया संस्थागत विकास, श्रोत परिचालन, योजना तथा बजेट तर्जुमा र कार्यान्वयन, वित्तिय शासन, प्रभावकारी सेवा प्रवाह र अनुगमन, मूल्यांकन तथा प्रतिवेदनमा क्षमता विकास गर्नुपर्ने रहेको छ । स्थानीय सरकारहरुको संस्थागत संरचना, मानवसंशाधन र भौतिक पूर्वाधार क्षमतामा सुधार नहुँदा सम्म नागरिकहरुलाई गुणस्तर सेवा प्रवाह गर्न नसकिने, समयानुसार काममा नयाँपन ल्याउन र परिणाममुखी बनाउन सकिदैन । त्यसैले प्रभावकारी, गुणस्तर तथा जनउत्तरदायी स्थानीय सरकार बनाउनका लागि स्थानीय सरकारको आवश्यकता पहिचान गरी दीर्घकालिन क्षमता विकासको योजना बनाउन आवश्यक देखिएको छ । सो आवश्यकतालाई मध्यनजर गर्दै प्रदेश प्रशिक्षण केन्द्र प्रदेशको वार्षिक रणनैतिक कार्यान्वयन योजनाको प्रतिफल ८ अन्तर्गत ८.४ मा रहेको स्थानीय सरकारको क्षमता विकास योजना निर्माण गर्ने कार्यक्रम रहेको छ । सो कार्यक्रम कार्यान्वय गर्नका लागी अनुभवी, दक्ष विषय विज्ञ/परामर्शदाताको आवश्यकता परेको हुदाँ यो अवधारणा पत्र र कार्य विवरण तयार पारिएको छ ।

२. आवश्यकता र औचित्यः

माथि उल्लेखित पक्षहरुलाई सम्वोधन गर्न स्थानीय सरकारका अवयवहरु - मानव संसाधन (ज्ञान, सिप, धारणा), संस्थागत अवस्था (नीति, नियम, बिधि, निर्देशिका, आचार संहिता, कार्यशैली) र कार्यालय पूर्वाधार (कार्यालय भवन, नागरिकमैत्री कार्यालय लेआउट, अनलाइन सेवा प्रणाली, सफ्टवेयरको प्रयोग, अपांगमैत्री कार्यालय तथा सेवा केन्द्र, सूचना प्रविधिको प्रयोगद्वारा द्रुत र विश्वश्नीय सेवा प्रवाह गर्नु आजको अनिवार्य आवश्यकता हो | त्यसैले, गाउँ/नगरपालिकाको क्षमता विकास योजना तयार गर्नुको कारणहरू देहाय बमोजिम रहेका छन् ।

क) संविधानप्रदत्त अधिकार र जिम्मेवारीहरूलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटो, छरितो, कम झन्झटिलो, पारदर्शी र गुणात्मक सेवा प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको कार्यक्षेत्रमा रहेको छ,

ख) स्थानीय सरकारबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो र परिणाममुखी बनाउनु पर्ने कानुनी र नैतिक दायित्व रहेको छ,

ग) स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कुशल रूपमा सम्पादन गर्न विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरू र कर्मचारीहरूको क्षमता विकास गर्न आवश्यक रहेको,

घ) विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउदै नागरिकहरूको आशा र अपेक्षा अनुसार काम गर्न सक्ने गरी स्थानीय सरकारको संस्थागत क्षमता विकास गर्न आवश्यक रहेको,

ङ) आपूर्तिका साथै मागमा आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरी आवश्यकता बोध गरेका क्षेत्रमा ज्ञान, सीप र धारणा विकास तथा जनउत्तरदायी शासन प्रणाली स्थापित गर्न आवश्यक रहेको ।

३. क्षमता विकास योजना तर्जुमाको उद्देश्य (Objectives)

गाउँ/नगरपालिकाको क्षमता विकास योजना तर्जुमा गर्नुको उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

क) गाउँ/नगरपालिकाको क्षमता विकास योजना तर्जुमा भई सोको कार्यान्वयनबाट गाउँपालिका /नगरपालिका तथा सहयोगी निकायहरूको कार्यसम्पादन स्तरमा सुधार गर्ने,

ख) क्षमता विकास योजना कार्यान्वयनका लागि आवश्यक स्रोत तथा साधनहरूको एकीन भई सो को परिपूर्तिका लागि सरोकारवालाहरूलाई मार्ग दर्शन गर्ने,

ग) स्थानीय विकास प्रक्रिया, सेवा एवम् सुविधामा अल्पसंख्यक तथा सीमान्तीकृत समुदाय र पिछडिएको तथा आर्थिक रूपले विपन्न वर्गको पहुँच वृद्धि गर्न सहयोग गर्ने ।

उपरोक्त उद्देश्यहरूको दिशामा क्षमता विकास योजना तर्जुमाका क्रममा हासिल गरिने निर्दिष्ट उद्देश्यहरू निम्नानुसार रहेका छन् ।

क) संविधान तथा प्रचलित कानूनहरूबाट प्राप्त अधिकार अनुरूप जनउत्तरदायीपूर्ण ढंगबाट कार्यसम्पादन गर्नका लागि स्थानीय सरकारको सबल र कमजोर पक्षहरूको पहिचान गर्ने,

ख) गाउँ/नगरपालिकालाई प्राप्त अधिकार र जिम्मेवारी दक्षताका साथ सम्पादन गर्न जननिर्वाचित पदाधिकारी, कर्मचारी तथा सहयोगी निकायहरू लगायत स्थानीय विकासका सरोकारवालाहरूको कार्यदक्षता वृद्धिको आवश्यकता सहभागितात्मक विधि अवलम्बन गरी पहिचान गर्ने,

ग) प्रभावकारी सेवा प्रवाहका लागि आवश्यक ज्ञान, सीप, धारणा र विद्यमान क्षमता बीचको फरक पहिचान र आवश्यकतामा आधारित क्षमता विकासका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न मार्गदर्शन गर्ने,

घ) सेवा प्रवाह तथा विकास व्यवस्थापनमा आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि र प्रणालीको अनुसरण तथा प्रयोग गर्न आधार तयार गर्ने,

ङ) संस्थागत विकास तथा मानव संशाधन विकासका क्षेत्रमा देखिएका कमजोर क्षेत्रहरू पहिचान गरी क्षमता विकास कार्यक्रमलाई प्रक्रियाका रूपमा सञ्चालन, कार्यान्वयन तथा प्रयोग गर्नका लागि कार्यनीति निर्धारण गर्ने,

च) संस्थागत विकासका लागि लगानी गर्नुपर्ने क्षेत्रहरूको पहिचान गरी तदनुरूप संस्थागत विकासका कार्यक्रम तय गर्ने ।

सुबोध निरौला
प्रमुख (प्रशासन)

प्रमुख प्रशासकिय अधिकृत
रामधुनी नगरपालिका

४. विधि तथा प्रक्रिया

क्षमता विकास योजना तर्जुमाका लागि निम्न विधि र प्रक्रिया अवलम्वन गरिनेछ | मुलत, क्षमता विकास योजना तर्जुमा Coaching & Mentoring (स्थलगत रुपमा संगसंगै काम गर्दै सिकाउदै जाने) विधिमा आधारित हुनेछ |

४.१ .परामर्शदाता संस्थाले स्थानीय तहलाई लक्षित गरि आर्थिक तथा प्राविधिक प्रस्ताव पेश गर्नुपर्ने छ | प्राप्त आर्थिक तथा प्राविधिक प्रस्तावहरुको गुणस्तर र लागतका आधारमा विश्लेषण गरी परामर्शदाता संस्थाको छनौट गरिने छ। स्थानीय तहमा क्षमता विकास योजना निर्माणका लागि योग्यताक्रममा परेका परामर्शदाता संस्थाहरुसंग स्थानीय तहले सम्झौता गर्नेछ ।

४.२ .स्थानीय तहसंग कार्य प्रारम्भ गर्नुभन्दा पहिला परामर्शदाताले प्रदेश प्रशिक्षण केन्द्रको सम्वन्धित विज्ञ वा तोकिएको कर्मचारीहरुसँग सम्वन्धित पालिकामा गर्नुपर्ने कार्यको योजना बनाई छलफलबाट अन्तिम रूप दिई अगाडी बढाउनुपर्नेछ ।

४.३. स्थानीय तहवाट क्षमता विकास योजना तर्जुमा कार्यको गुणस्तर सुनिश्चितताका लागि अनुगमन र फलोअप हुनेछ भने प्रदेश प्रशिक्षण केन्द्रवाट सोकार्यको गुणस्तर सुनिश्चितताका लागि अनुगमन हुन सक्नेछ ।सो कार्यका लागि सेवा प्रदायक संस्थाले यो कार्य गर्नका लागि विस्तृत कार्ययोजना समेत पेश गर्नुपर्नेछ | परामर्शदाताले प्रदेश प्रशिक्षण केन्द्रको सम्वन्धित विज्ञ वा तोकिएको कर्मचारीहरुसँग निरन्तर निकटतम समन्वयमा कार्य सम्पन्न गर्नु पर्नेछ ।

४.४. क्षमता विकास योजना निर्माण प्रक्रियालाई सहभागितामूलक विधिबाट सञ्चालन गर्नुपर्नेछ साथै ,यस विषयमा स्थानीय तहका कर्मचारीहरूको पनि क्षमता अभिबृद्धि गर्नुपर्नेछ । यस सन्दर्भमा सम्बन्धित पालिकाका प्रमुख/अध्यक्ष ,उपप्रमुख/उपाध्यक्ष तथा अन्य जनप्रतिनिधी, कर्मचारी एवं सरोकारवालाहरूको सहभागिता र समूह छलफलबाट क्षमता बिकासका क्षेत्र सम्बन्धी आवश्यकताहरू पहिचान गर्नुपर्नेछ ।

४.५.संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको <u>गाउँपालिका तथा नगरपालिकाको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन ,२०७६</u> र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तोकेका सम्वन्धित फारामहरु विधि तथा प्रकृयाहरु प्रयोग गरि(छलफल तथा कार्यशाला) मार्फत क्षमता विकास योजना निर्माण गर्नु पर्नेछ।

४.७ .यस प्रक्रियाबाट पहिचान गरिएका आवश्यकताहरू र स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकनबाट प्राप्त नतिजा आधारमा क्षमता बिकासका आवश्यकतालाई एकिकृत गरी सम्बन्धित स्थानीय तहको ३ वर्षे क्षमता विकास योजना तयार गर्न सहयोग गर्ने र अन्तिम दस्तावेज तयार गरी स्थानीय तहलाई प्रस्तुतिकरण गर्ने तथा आवश्यक सुझावहरु संकलन गरी दस्तावेजलाई अन्तिम रुप दिनुपर्नेछ ।

४.८ .क्षमता विकास योजनाको अन्तिम दस्तावेज (**विद्युतीय तथा भौतिक प्रति**) सम्बन्धित स्थानीय तह र प्रदेश प्रशिक्षण केन्द्रमा बुझाउनु पर्नेछ।

४.९ .प्रदेश प्रशिक्षण केन्द्रबाट कार्यक्रमको अन्तिम भुक्तानी लिनका लागि प्रदेशमा गठन मूल्याङ्कन समितिको अन्तिम मूल्याङ्कन पश्चात खर्चसँग सम्बन्धित आवश्यक विल ,भरपाई सहित कार्यक्रमको अन्तिम प्रतिवेदन बुझाउनु पर्नेछ ।

५. परामर्शदाताको भूमिका, जिम्मेवारी र दायित्व

परामर्शदाता संस्थाले स्थानीय तहको क्षमता विकास कार्ययोजना तर्जुमा गर्ने क्रममा सहभागितामूलक विधि र प्रक्रियाहरू प्रयोग गर्नुपर्नेछ । साथै, अध्ययनको सन्दर्भमा प्राप्त जानकारी र तथांङ्कहरूको परिणात्मक र गुणात्मक विश्लेषण गर्न मिश्रीत विधिहरूको प्रयोग गर्नुपर्नेछ । यसैगरि, तोकिएको ढाँचामा सेवा प्रदायक संस्थाले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको **गाउँ/नगरपालिकाको क्षमता विकास योजना तर्जुमा सम्बन्धी दिग्दर्शन,२०७६** ले दिशा निर्देशन गरे अनुसार सहभागितात्मक विधि तथा प्रक्रिया अपनाई ३ बर्षको क्षमता विकास योजनाको प्रतिबेदन तयार गर्नु पर्नेछ ।क्षमता विकास योजना तयार गर्ने क्रममा निम्न चरणहरू अपनाउनु पर्नेछ ।

क) तयारी तथा समन्वय

सम्बन्धित स्थानीय तहसंग सम्पर्क तथा समन्वय, आवश्यक कार्यसमुह निर्माण, सन्दर्भ सामग्रीहरु संकलन तथा अध्ययन ।

ख) क्षमता विकास योजना तथा नीति तर्जुमा प्रक्रियाबारे अभिमुखिकरण

स्थानीय सरकारलाई क्षमता विकास योजनाको आवश्यकता, महत्व, निर्माण तथा कार्यान्वयन प्रक्रियाका वारेमा छलफल तथा अभिमुखिकरण संचालन गर्ने ।आवश्यकता अनुसार स्थानीय सरकारका इकाईहरु, स्थानीय सरोकारवालाहरु लगायत आवश्यक समिति गठन गर्न सहजिकरण गर्ने। यसै क्रममा, स्थानीय तह संग सम्वन्धित निति नियम, स्थानीय तहले तयार गरेका कानूनहरु, योजनाहरु तथा अन्य संवन्धित सामग्रिहरुको अध्ययन गर्ने ।

ग) क्षमता विकास आवश्यकताको लेखाजोखा

प्रारम्भदेखि नै सम्बन्धित स्थानीयतहसंग समन्वय गर्ने र प्रयास सहभागिताको सुनिश्चितता भएपछी मात्र क्षमता विकास योजनाको प्रकृया सुरु गर्ने । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार परेको दिग्दर्शन तथा सम्वन्धित फारमहरु र बिधि तथा प्रकृयाहरु प्रयोग गरि स्थानीय तहहरुको क्षमता सम्बन्धी आवश्यकता पहिचान गर्ने । सहभागितामुलक बिधि र प्रकृया अवलम्वन गरि क्षमता विकास योजना (३ बर्षे) तयार गर्न सहयोग गर्ने | क्षमता विकास आवश्यकता पहिचान गर्दा मानव संसाधन क्षमता विकास, संस्थागत विकास र आन्तरिक प्रणाली विकासका लागि अलग कार्यक्रमहरु अलग अलग रुपमा प्रस्ताव गर्ने । साथै, क्षमता विकास योजनाको कार्यान्वयनको स्पस्ट कार्ययोजना साथै संयन्त्र तयार गर्न सहजिकरण गर्ने।

घ) क्षमता विकाससँग सम्बन्धित स्रोत व्यक्ति र सरोकारवाला पक्षहरूको पहिचान

माथि उल्लेखित चरणहरूबाट पहिचान गरिएका क्षमता विकासका कार्यहरूमा योगदान दिनसक्ने स्रोत व्यक्ति तथा सरोकारवाला पक्षहरूको पहिचान गरी निजहरूसँग हुन सक्ने सहकार्यका क्षेत्रहरू तथा प्राप्त हुन सक्ने सेवा तथा सहयोगको आँकलन गर्ने । साथै, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले नमूनाका रुपमा तयार गरेको दिग्दर्शन तथा सम्वन्धित फारमहरु प्राप्त गर्ने र सोको बारेमा स्पस्ट हुने कुनै नयाँ तथा सृजनात्मक विचार भएमा कार्यक्रम संग सम्वन्धित व्यक्तिहरुसंग छलफल गर्ने, सहभागितामुलक बिधि र प्रकृयाको तयारी गर्ने ।

ङः) क्षमता विकास योजनाको मस्यौदा तयारी

मस्यौदा प्रतिवेदन तयार भएपछि कार्यपालिका सदस्य तथा अन्य सरोकारवालाहरू सहित उपस्थितमा गोष्ठी आयोजना गरि क्षमता विकास योजनाको मुख्य मुख्य बिषयहरुमा प्रस्तुतिकरण गरि थप छलफल मार्फत सुझाव संकलन गर्ने । मस्यौदा प्रतिवेदन **प्रदेशमा गठन मूल्याङ्कन समिति तथा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहजीकरण तथा समन्वय समितिले** उपलब्ध गराएको पृष्टपोषणलाई समावेश गरी अन्तिम प्रतिवेदन तयार गर्ने र एक प्रति सम्वन्धित स्थानीय तहलाई हस्तान्तरण गरी सो को लिखत अभिलेख सहित एक प्रति क्षमता विकास योजना अन्तिम प्रतिवेदन सहित प्रदेश प्रशिक्षण केन्द्रमा पेश गर्ने ।

६. परामर्शदाताले गर्नुपर्ने कार्यको समयसीमाः

सम्झौता भएको मितिले ३ (तीन) महिना भित्र परामर्शदाताले क्षमता विकास योजना तर्जुमा सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्नु पर्नेछ । क्षमता विकास योजना तर्जुमाको प्रक्रियागत चरण र क्रियाकलापहरू देहाय बमोजिम हुनेछन् ।

क्र.स.	आशातित प्रतिफलहरु	समावेश गर्नु पर्ने विवरण, तथ्यांक र कागजातहरु	समयावधि		
			पहिलो महिना	दोस्रो महिना	तेस्रो महिना
१.	विस्तृत कार्ययोजना सहितको प्रारम्भिक प्रतिवेदन	तथ्यांक संकलन फारम, ढाँचा आदि, लक्ष्य सहितको कार्ययोजना, अनुगमन प्रतिवेदन	*		
२.	स्थानीय जनप्रतिनिधी, कर्मचारीहरु एवं सरोकारवालाहरु सहितको २ दिन प्रथम कार्यशाला बैठक	कार्याशालाको निर्णय पुस्तिकाको छाँयाप्रति, सहभागीहरुको नामावली तथा सान्दर्भिक फोटोहरु राखी संकलित सबै तथ्यांकहरु बिश्लेषण गरि तयार गरिएको हरेक पालिकाको मस्यौदा प्रतिवेदन तथा प्रस्तुतीकरण	*		
३.	सुचना तथा तथ्याङ्क संकलन, टिपोट तथा विश्लेषण		*	*	
४.	क्षमता विकास योजनाको मस्यौदा प्रतिवेदन लेखन तथा प्रस्तुतीकरण एवं सुझाव संकलन		*	*	

क्र.स.	आशातित प्रतिफलहरु	समावेश गर्नु पर्ने विवरण, तथ्यांक र कागजातहरु	समयावधि		
			पहिलो महिना	दोस्रो महिना	तेस्रो महिना
५.	प्राप्त सुझाव समेटी तोकिएका हरेक स्थानीय तहको नेपाली भाषामा लेखन गरिएको क्षमता विकास योजना तयार	पृष्ठपोषण तथा सुझाब समावेश गरेको तोकिएको ढाँचा र मापदण्ड अनुसारको अन्तिम कार्यसम्पन्न प्रतिवेदन (कार्यसम्पन्न भएको भन्ने व्यहोराको स्थानीय तहबाट प्राप्त गरेको पत्र समेत)		*	
६.	प्रदेश प्रशिक्षण केन्द्र तथा स्थानीय तहमा क्षमता विकास योजना पेश गर्ने तथा कार्यपालिका बैठकबाट स्वीकृत गर्ने			*	

७. परामर्शदाता/सहजकर्ताको लागि आवश्यक योग्यता तथा अनुभव

क्षमता विकास योजना तयार गर्न इच्छुक परामर्शदाताको न्यूनतम योग्यता निम्नानुसार हुनुपर्नेछ ।

क) संस्थाको विधान वा प्रबन्ध पत्र तथा नियमावलीमा उल्लिखित उद्देश्य अनुसार काम गर्न मान्यता प्राप्त संस्थाबाट विधिवत् रूपमा दर्ता भई सम्बन्धित क्षेत्रमा काम गरेको अनुभव हुनुपर्नेछ ।

ख) संस्थाको कार्यक्षेत्रगत अनुभव।

ग) कर चुक्ता भएको हुनुपर्ने छ ।

घ) कार्यक्षेत्रमा उल्लेख भए अनुसारका जनशक्तिहरूको उपलब्धता भएको हुनुपर्ने छ।

ङ) संस्था कालो सूचीमा नपरेको र सोकोलागि स्वघोषणा पत्र पेश गर्नु पर्ने छ ।

च) वित्तिय कारोवारको अवस्था।

छ) विस्तृत कार्ययोजना।

सुबोध निरौला
अधिकृत छैठौं (प्रशासन)

प्रमुख प्रशासकिय अधिकृत
रामधुनी नगरपालिका

८. संलग्न जनशक्तिको न्यूनतम योग्यता तथा आवश्यकता:

क. क्षमता विकास योजना निर्माण गर्न निम्न अनुसारका जनशक्तिहरू संलग्न हुनु पर्नेछ ।

जनशक्ति	संख्या	योग्यता
टिम लिडर (टोली प्रमुख)	१	- समाजशास्त्र, अर्थशास्त्र, ग्रामिण विकास वा सम्बन्धित अन्य विषयमा कम्तिमा स्नातकोतर तह उतिर्ण - मानव तथा संस्थागत क्षमता विकाससंग सम्बन्धित कार्यमा कम्तिमा पनि ५ बर्षको अनुभव (संस्थागत लेखाजोखा, तालिम आवश्यकता पहिचान, क्षमता विकास योजना, तालिम संचालन/सहजीकरण आदि)
विषय विज्ञ	१	- समाजशास्त्र, अर्थशास्त्र, ग्रामिण विकास वा सम्बन्धित विषयमा स्नातकोतर तह उतिर्ण - योजना निर्माण सम्बन्धी काममा कम्तीमा ५ वर्षको अनुभव भएको
फिल्ड सहायक	१	- समाजशास्त्र, अर्थशास्त्र, ग्रामिण विकास वा सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उतिर्ण - -कम्प्युटरको आधारभुत सीप भएको, प्रतिवेदनहरु अध्ययन तथा लेखन सीप भएको ।

ख. कार्य सम्पन्न गर्न लाग्ने अनुमानित जनशक्ति र कार्यदिन :

सि.नं.	आवश्यक जनशक्ति	जम्मा कार्यदिन	कार्य प्रकृति		कैफियत
			स्थलगत	आन्तरिक	
Professional Staff (विज्ञ कर्मचारी)					
१.	टिम लिडर (टोली प्रमुख)	६०	२०	४०	
२.	विषय विज्ञ	४०	२५	१५	
Support Staff (सहायक कर्मचारीहरु)					
३.	फिल्ड सहायक	६०	२०	४०	
	जम्मा				

९. खर्च तथा भुक्तानी प्रक्रिया

क्षमता विकास योजना तर्जुमा खर्च तथा भुक्तानी प्रक्रिया स्थानीय तह र प्रदेश प्रशिक्षण केन्द्र विच भएको सम्झौता वमोजिम स्थानीय तहको सिफारिसको आधारमा प्रदेश प्रशिक्षण केन्द्रले वैंक मार्फत परामर्शदातालाई सोझै भुक्तानी हुनेछ । सम्झौतामा उल्लेखित बजेटको भुक्तानी गर्दा निम्न अनुसारको क्रियाकलाप सम्पन्न पश्चात किस्तामा रकम भुक्तानी गरिनेछ ।

क) परामर्शदाताले आर्थिक प्रस्तावमा तोकिए अनुसारको शीर्षकमा रकम प्रस्ताव गर्न सक्नेछन। यस बजेटले परामर्शदाताले प्रयोग गर्नुपर्ने जनशक्तिको तलब, भत्ता ,यातायात ,तथ्याङ्क संकलन खर्च , कार्यशाला सञ्चालन खर्च ,प्रशासनिक खर्च लगायतका सम्पूर्ण खर्च समेट्ने छ।

ख) परामर्शदाताले प्रस्ताव गरेको रकममा नेपाल सरकार र प्रदेश सरकारको नियमानुसार लाग्ने मूल्य अभिवृद्धि तथा अन्य कर समेत समावेश गरिएको छ। प्रचलित कानुन मुताबिक र सम्झौतामा उल्लेख भए बमोजिम २ किस्तामा रकम भुक्तानी गराउन सकिनेछ।

ग) पहिलो किस्ता कुल सम्झौता रकमको ४० प्रतिशत रकम परामर्शदाताले सम्झौतामा हस्ताक्षर गरेर कार्यक्षेत्रगत शर्त बमोजिमको नियमानुसार मस्यौदा प्रतिवेदन पेश गरे पश्चात तोकिए बमोजिम कार्यसम्पादनको आधारमा कार्य प्रगति प्रतिवेदन पेश गरे पछि लिन सक्नेछन।

घ) दोश्रो तथा अन्तिम किस्ता अर्थात कुल सम्झौता रकमको ६० प्रतिशत रकम परामर्शदाताले अन्तिम प्रतिवेदन पेश गरसकेपछि तोकिए अनुसार विल भरपाई पेश गरि तोकिएको गुणस्तर परिक्षण समितिको प्रतिवेदनका आधारमा भुक्तानी हुनेछ। **अन्तिम प्रतिवेदन पेश गर्दा टोली प्रमुख स्वंय उपस्थित भई पेश गर्नु पर्नेछ।**

ङ) कार्यक्रम कार्यान्वयन तथा सम्पादन गर्दा नेपाल सरकारको नियमानुसार लाग्ने कर तिर्ने दायित्व सम्वन्धित परामर्शदाताको हुनेछ ।

च) स्थानीय तहसँग भएको सम्झौता बमोजिम स्थानीय तहको सिफारिसका आधारमा प्रदेश प्रशिक्षण केन्द्रले वैंक खाता मार्फत परामर्शदातालाई भुक्तानी गर्नेछ ।

१०. समन्वय र साझेदारीता :

प्रदेश प्रशिक्षण केन्द्र र सम्बन्धित स्थानीय तहसँग समन्वय गरि स्थानीय तहकै नेतृत्वमा कार्य सम्पन्न गर्नुपर्नेछ । साथै, तोकिएको ढाँचा तथा प्रक्रिया र कार्ययोजना अनुरुप कार्य भए नभएको सुनिश्चत गर्न आवश्यकता अनुसार अनुगमन गर्ने जिम्मा यस प्रदेश प्रशिक्षण केन्द्रको हुनेछ । कार्यक्रमका लागि प्राविधिक तथा आर्थिक सहयोग प्रदेश प्रशिक्षण केन्द्र मातहत संचालित प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट उपलब्ध हुनेछ । यसै गरी आवश्यकतानुसार क्षमता विकास योजनाको गुणस्तर सुनिश्चितताका लागि वाह्य विज्ञको समेत सहयोग लिन सकिनेछ ।

११. कार्यक्रमको गुणस्तर सुनिश्चितता :

क्षमता विकास योजना निर्माण प्रक्रिया गर्नुको मूल उदेश्य संगसंगै काम गर्दै सम्वन्धित स्थानीय तहको क्षमता विकास पनि गर्दै जाने र तर्जुमा गरिएको कार्ययोजनाप्रति सम्वन्धित स्थानीय तहको पूर्ण स्वामित्व

सुनिश्चित गर्दै कार्यान्वयनमा पनि लैजानुपर्ने भएकाले यो कार्यको प्रदेश प्रशिक्षण केन्द्रवाट निरन्तर फलोअप र अनुगमन गरिनेछ | सेवा प्रदायक कम्पनी/फर्म /संस्थाले मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय तथा प्रदेश प्रशिक्षण केन्द्रवाट अनुगमनका क्रममा दिएका सुझावहरुको पालना गर्नुपर्नेछ | क्षमता विकास योजनाको मस्यौदा प्रतिवेदन **प्रदेशमा गठन मूल्याङ्कन समिति** तथा **सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको सहजीकरण तथा समन्वय समितिले** उपलब्ध गराएको पृष्टपोषणलाई समावेश गरी अन्तिम प्रतिवेदन तयार गर्नुपर्नेछ । **अन्तिम प्रतिवेदन पेश गर्दा टोली प्रमुख स्वंय उपस्थित भई पेश गर्नु पर्नेछ।**

१२. बुझाउनु पर्ने प्रतिवेदन/प्रतिफल (Deliverables) र समयावधि :

सम्झौता भएको मितिले ६५ दिन भित्रमा परामर्शदाताले क्षमता विकास योजना तर्जुमा सम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्नु पर्नेछ । परामर्शदाताले कार्यशर्त बमोजिम आवधिक योजना तर्जुमाको काम सम्पन्न गरी तोकिएको ढाँचामा देहाय बमिजमको समय तालिका अनुसार प्रतिवेदन/प्रतिफल (Deliverables) बुझाउनु पर्नेछ ।

प्रतिवेदन/प्रतिफलको प्रकार	समावेश गर्नुपर्ने विवरण, तथ्यांक र कागजातहरु	समयसीमा
कार्य प्रारम्भ प्रतिवेदन	कार्ययोजना, तथ्यांक संकलन फाराम, सुचाङ्कसहितको प्रारम्भिक प्रतिवेदन, पालिकाको प्रमुखको संयोजकत्वमा गठित निर्देशक समितिले यो सुरुवाती प्रतिवेदन	कार्यादेश अनुसार कार्य प्रारम्भ गर्न तोकेको मितिले १५ दिन भित्र
संकलित सबै तथ्याङ्कहरू	कार्यशाला, छलफल, बैठकको उपस्थिति तथा निर्णय पुस्तिकाको प्रति; अनसूची बमोजिमका अन्य दस्तावेजहरु;	कार्यादेश अनुसार कार्य प्रारम्भ गर्न तोकेको मितिले ३० दिन भित्र
योजनाको मस्यौदा प्रतिवेदन	तोकिएको ढाँचामा कार्यशर्तको कार्यक्षेत्र भित्र रहेर तयार पारिएको नगर/गाउँपालिकाको आवश्यक दस्तावेज सहितको योजनाको मस्यौदा	कार्यादेश अनुसार कार्य प्रारम्भ गर्न तोकेको मितिले ४० दिन भित्र
योजनाको अन्तिम प्रतिवेदन	मस्यौदा प्रतिवेदनको समिक्षाको क्रममा विभिन्न सरोकारवालाबाट प्राप्त पृष्ठपोषणलाई समायोजन गरी तयार पारिएको आवश्यक दस्ताबेज सहित अन्तिम क्षमता विकास योजना	कार्यादेश अनुसार कार्य प्रारम्भ गर्न तोकेको मितिले ६० दिन भित्र

१३. प्रस्ताव मुल्याँकन गर्ने तरिका :

मुल्याँकन गर्दा प्राविधिक प्रस्तावको अंक भार ८० र आर्थिक प्रस्तावको न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तावकलाई २० अंक प्रदान गरिनेछ । पहिलो स्थान ल्याउने प्रस्तावकलाई छनौट गरिनेछ । दोस्रो र तेस्रो प्राप्त गर्ने प्रस्तावलाई क्रमशः वैकल्पिक सुचिमा राखिनेछ ।

१४. प्रस्ताव मुल्याँकन गर्ने आधार :

क्र.सं.	मुल्याँकनको आधार	पुर्णाङ्क	प्रविधिक प्रस्ताव पेश गर्दा हेर्ने कागजात
१. प्रस्तावदाताको खास खास कामको अनुभव		४०	
क.	संस्था दर्ताको भौगोलिकताको आधारमा प्रदेश अन्तरगत जुन जिल्लामा रहेको स्थानिय तहमा प्रस्ताव पेश गरको हो सोही जिल्लामा दर्ता भएको भए १० अंक, प्रस्ताव पेश गरेको स्थानिय तह रहेको जिल्लामा नभई प्रदेश अन्तरगतकै अन्य जिल्लामा दर्ता भएको भएमा १५ अंक अन्य प्रदेशको अन्य जिल्लामा दर्ता भई प्रस्ताव पेश गर्नेको हकमा १० अंक	१५	जिल्ला प्रशासन कार्यालयको दर्ता प्रमाण पत्र
ख.	संस्थाको कार्यालय भवन प्रस्ताव पेश गरेको स्थानिय तहमा संस्थाको नामको कार्यालय भवन भएमा १५ अंक, प्रस्ताव पेश गरेको स्थानिय तह रहेको जिल्लामा संस्था नामको कार्यालय भवन भएमा १० अंक प्रस्ताव पेश गरेको स्थानिय तह वा स्थानिय तह रहेको जिल्ला बाहेक अन्य स्थानमा संस्थाको नाममा कार्यालय भवन भएमा ५ अंक	१५	क) आ.ब. २०७७/०७८ को अडिट प्रतिवेदन वा ख) घरधनी सम्बन्धिको प्रमाण पुर्जा
ग.	विगतमा क्षमता विकास योजना बनाउने सम्बन्धी कामको अनुभवको आधार प्रति आ.ब./बर्ष २ अंकका दरले बढीमा ५ (recent years) आ.ब./बर्ष	१०	क) आ.ब. २०७३/०७४ देखि २०७७/०७८ सम्ममा सम्बन्धित संस्था वा कार्यालयले प्रदान गरेको पत्र वा, ख) आ.ब. २०७३/०७४ देखि २०७७/०७८ सम्ममा सम्बन्धित संस्थासंग भएको संझौता पत्र
२. मुख्य मुख्य जनशक्ति		३५	
घ.	टिम लिडर (टोली प्रमुख) को योग्यता बुदाँ नं. ८ वमोजिमको योग्यता भएमा बढिमा १०, तोकिए वमोजिमको नभएमा ५ अंक दिने	१०	योग्यताको प्रमाणपत्रको प्रतिलिपी
ङ	टिम लिडर (टोली प्रमुख) को अनुभव पाँच बर्ष भन्दा बढीको अनुभव भएमा १० अंक, तिन बर्षको भएमा ७ अंक, दुई बर्षको भएमा ५ अंक, एक बर्षको भएमा ३ र	१०	प्रशिक्षक भई तालिम संचालन गरेको संम्बन्धित कार्यालयको प्रमाण पत्र
च.	बिषय विज्ञको योग्यता तथा अनुभव		योग्यताको प्रमाणपत्रको प्रतिलिपी

	बुदाँ नं. ८ वमोजिमको योग्यता भएमा बढिमा १०, तोकिए वमोजिमको नभएमा ५ अंक दिन	१५	
	पाँच बर्ष भन्दा बढीको अनुभव भएमा ५ अंक, तिन बर्षको भएमा ४ अंक, दुई बर्षको भएमा ३ अंक, एक बर्षको भएमा १ ।		
३. कार्य सम्पादन गर्ने तरिका कार्यगत क्षेत्रप्रतिको प्रभावकारिता		२५	
छ.	सीप विकास तालिम संचालन गर्ने कार्य योजनामा	२५	प्राविधिक प्रस्तावमा हेर्ने
	कसरी		
	कहाँ		
	किन		
	कसको जिम्वेवारीमा		
	कति समय भित्र सम्पादन गरीने		
माथि उल्लेखित वुँदाहरुको वारेमा तालिकामा उल्लेख गरिएको छ भने प्रति वुँदाको ४.२५ अंकका दरले २५ अंक			
		१००	

सुबोध गिरौला
अधिकृत छैठौं (प्रशासन)

प्रमुख प्रशासकिय अधिकृत
रामगुली नगरपालिका